आदिवासी जनजाति आयोग

ललितपुर

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम २०८१ साल माघ देखि चैत्र महिनासम्म सम्पादित कार्यहरुको विवरणः**

१. **निकायको स्वरुप र प्रकृतिः**

नेपालको संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था रहेको छ। यस आयोगमा अध्यक्ष र चार जनासम्म सदस्य रहने, राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने, अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने, आयोगका अध्यक्ष तथा सदस्यको योग्यता, पद रिक्त हुने अवस्था, पारिश्रमिक र सेवाका शर्तहरु र आयोगको काम कर्तव्य र अधिकार सम्वन्धि अन्य व्यवस्था संघीय कानून बमोजिम हुने व्यवस्था नेपालको संविधानमा उल्लेख गरिएको छ ।

आदिवासी जनजाति आयोग ऐन, २०७४ को प्रस्तावनामा आदिवासी जनजाति समुदायको गौरवमय इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्द्धन तथा आदिवासी जनजाति समुदायको सशक्तिकरण गर्नको लागि आदिवासी जनजाति आयोगको सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएको व्यहोरा उल्लेख छ।

२. **निकायको काम, कर्तव्य र अधिकारः**

- आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हकहितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चालु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- आदिवासी जनजाति समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,
- आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,
- आदिवासी जनजाति समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तिकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदाय भित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि चेतना मुलक कार्यक्रम सञ्चालन गर्ने,
- आदिवासी जनजाति समुदायमा विधमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र आदिवासी जनजाति समुदायको सशक्तिकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायीक प्रयोगमा ल्याउन सहयोग गर्ने,
- आदिवासी जनजाति समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनका लागि आवश्यक सिफारिस/ सुझाव दिने,
- आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सुचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण र सम्बर्द्धनका लागि जिवित सङ्ग्रहालय स्थापना र परिचालनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजातिको उद्गमस्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्बर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तिकरणको लागि नेपाल सरकार र अन्य संघ, संस्थाहरूले सञ्चालन गर्ने चेतनामुलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,
- आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,
- आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

### ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण


(१) यस आयोगको स्वीकृत दरबन्दी तेरिज निम्न बमोजिम रहेको छ:

| सि.न. | पदको नाम | श्रेणी तह | सेवा | समूह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ |
| २ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ |
| ४ | नायब सुब्बा | रा.प.अन. प्रथम | प्रशासन | सामान्य प्रशासन | २ |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | विविध | | १ |
| ७ | हलुका सवारी चालक | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | २ |
| ८ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | ३ |
| जम्मा | | | | | १३ |



आदिवासी जनजाति आयोग

## (२) आदिवासी जनजाति आयोगको संगठन संरचना




**नोटः नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७७।०८।३० गतेको निर्णय अनुसार संसोधीत संगठन संरचना**

१. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अनं. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यहरुलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।

२. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणी विहिन) प्रत्येक पदाधिकारी/सदस्यहरुलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।

३. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने कार्यालयय सहयोगी (श्रेणी विहिन) दुइ जना सदस्यहरुलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।

४. स्वीपर १ जना सेवा करारमा नियुक्ति गरिएको ।



आदिवासी जनजाति आयोग

आयोगको स्वीकृत संगठन संरचना अनुसार आयोगका अध्यक्ष र सदस्यको मातहतमा सचिव र सचिवको मातहतमा अन्य कर्मचारी रहने व्यवस्था छ। आदिवासी जनजाति आयोग ऐन, २०७४ बमोजिम आयोगबाट भएका निर्णय कार्यान्वयन तथा प्रचलित कानुन बमोजिमका व्यवस्थापकीय कार्यहरु सम्पादन गर्नको लागि **प्रशासन,योजना तथा अनुगमन शाखा** र **अधिकार प्रवर्द्धन तथा सशक्तिकरण इकाई** गरी २ वटा शाखा र इकाईको व्यवस्था रहेको छ।स्वीकृत दरवन्दी अनुसारका प्रत्येक कर्मचारीहरुलाई निजले सम्पादन गर्नु पर्ने कामहरुको विवरण उपलब्ध गराइएको छ।

## ४. आयोगबाट प्रदान गरिने सेवाः

आदिवासी जनजाति आयोगलाई मुख्य गरी आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा आदिवासी जनजाति समुदायको सशक्तिकरणको लागि गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने जिम्मेवारी आदिवासी जनजाति आयोग ऐन, २०७४ ले प्रदान गरेको छ।त्यस बाहेक आदिवासी जनजाति आयोगले आदिबासी जनजाति समुदायमा प्रत्यक्ष रुपमा सेवा प्रदान गर्न सक्ने ऐनमा उल्लेख भएका विषयहरु निम्नानुसार रहेका छन:

- आदिबासी जनजाति समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि चेतना मुलक कार्यक्रम संचालन गर्ने
- आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने,
- आदिबासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तिकरणको लागि नेपाल सरकार र अन्य संघ संस्थाहरुले सञ्चालन गर्ने चेतनामुलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,
- आयोगको बार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

## ५। सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

आयोगबाट प्रदान गरिने सेवा प्रशासन,योजना तथा अनुगमन शाखा र अधिकार प्रवर्द्धन तथा सशक्तिकरण इकाई कार्यरत कर्मचारी मार्फत प्रवाह हुन्छ।ती दुवै शाखा र इकाईमा कार्यरत कर्मचारीहरु आफुलाई तोकिएको कार्य विवरण अनुसारको सेवा प्रवाह गर्न जिम्मेवार हुन्छन्।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधीः

आदिबासी जनजाति आयोग ऐन, २०७४ को दफा २७ मा यो ऐन कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्ने र सोही ऐनको दफा २८ मा आयोगले सम्पादन गर्नु पर्ने कामहरु सुचारु रुपले सञ्चालन गर्न वा गराउनको लागि ऐन तथा नियमको अधिनमा रही आवश्यक निर्देशिका बनाउन सक्ने उल्लेख छ।सो बमोजिम नियम तथा निर्देशिकाहरु बने पछि सोही बमोजिम सेवा प्रवाह हुनेछ।

आदिवासी जनजाति आयोग

आदिवासी जनजाति आयोग

७. **निर्णय गर्ने प्रकृया र अधिकारी:**

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा १३ अनुसार आयोगले यस ऐन बमोजिम गर्नु पर्ने काम आयोगको बैठकको निर्णय बमोजिम हुनेछ। सो बाहेकका प्रशासनिक/व्यवस्थापकीय निर्णय सामान्यतया सचिवस्तरबाट सदर हुनेछ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी:**

आयोगको सचिव भन्दा मुनिका कर्मचारीहरु उपरको उजुरी र गुनासाहरु सचिव र सचिव सम्बन्धमा भएको उजुरी आयोगको अध्यक्ष ।

९. **सम्पादन गरेका कामको विवरण:**

नेपालको संविधान, आदिवासी जनजाति आयोग ऐन, २०७४ अनुरुप यस आयोगबाट दैनिक प्रशासनका अतिरिक्त निम्न कार्यहरु/कार्यक्रमहरु सम्पादन भएका छन्।

- मिति २०८१ पौष २८ देखि माघ ५ गतेसम्म उदयपुर जिल्लाको पालिका स्तरिय कार्यक्रम (बेलका नगरपालिका तथा त्रियुगा नगरपालिका) मा स्थानीय माघि पर्व, आदिवासी जनजाति लक्षित कार्यक्रम तथा अन्तरक्रिया तथा अगुवा आदिवासी जनजातिहरुसंगको भेटघाट तथा छलफल कार्यक्रम ।
- मिति २०८१ माघ १ देखि ७ गते सम्म लुम्बिनी प्रदेशको देवदह नगरपालिका रुपन्देही तिनाउ गाउँपालिका वडा नं ४ पाल्पा र कन्चन गाउँपालिका रुपन्देही सँगको सहकार्यमा आदिवासी जनजाति समुदायको अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणमा स्थानीय तहको भूमिका तथा सुचिकरण र व्यवस्थापन विषयक अन्तरक्रियात्मक कार्यक्रम ।
- मिति २०८१ माघ ०७ गते गण्डकी प्रदेशस्थित तनहुँको शुक्लागण्डकी नगरपालिका र स्याङ्जाको गल्याङ न.पा. र चितवन राष्ट्रिय निकुञ्जमा आदिवासी जनजाति समुदाय लक्षित विशेष नीति तथा कार्यक्रम र अमूर्त सांस्कृतिक सम्पदाहरुको संरक्षणमा स्थानीय तहको भूमिका विषयक अन्तरक्रियात्मक कार्यक्रम ।
- मिति २०८१ माघ ०८ गते आदिवासी जनजाति आयोगले नेपालको संविधानको धारा २९४ र आदिवासी जनजाति आयोग ऐन २०७४ को दफा २२ बमोजिम सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू समक्ष आयोगका मा.अध्यक्ष रामबहादुर थापामगरले आ.व.२०८१/०८२को पाँचौ वार्षिक प्रतिवेदन माथि प्रकाश पार्दै प्रतिवेदन बुझाउनु भएको।
- मिति २०८१ माघ ०९ गते आदिवासी जनजाति आयोगले नेपालको संविधानको धारा २९४ र आदिवासी जनजाति आयोग ऐन २०७४ को दफा २२ बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश प्रतिवेदनमा समाविष्ट आयोगका सिफारिस तथा भावी कार्यदिशा लगायतका विषयमा नेपालका प्रमुख संचार माध्यमहरुका माझ पत्रकार सम्मेलन ।
- मिति २०८१ माघ १५ मा उदयपुर चौदण्डीगढी नगरपालिकामा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणमा स्थानीय तहको भूमिका तथा सूचीकरण र व्यवस्थापन विषयक अन्तरक्रियात्मक कार्यक्रम संचालन ।
- मिति २०८१ माघ २१ गते आदिवासी जनजाति आयोग गठन भएको दिन आयोगको चौथो वार्षिक उत्सव सभ्य तथा भव्यताका साथ मनाइयो। सम्माननीय सभामुखको प्रमुख आतिथ्यतामा शुरु भएको कार्यक्रमको अध्यक्षता आयोगका मा.अध्यक्ष रामबहादुर थापामगरले गर्नु भएको कार्यक्रममा मा.उप-सभामुख इन्दिरा

५

राना, मा.रक्षामन्त्री, मानवीर राई, कानून न्याय तथा मानव अधिकार समितिका सभापति बिमला सुवेदी, संवैधानिक निकायका प्रमुखज्यूहरु, पुर्व मन्त्री तथा मा.सांसदज्यूहरु, संविधानसभाका सदस्यज्यूहरु, संवैधानिक निकायका प्रमुख तथा सदस्यज्यूहरु, नेपाल सरकारका सचिवज्यूहरु, राजदुतज्यूहरु, नेपाल सरकारका सहसचिवज्यूहरु, सम्मानित हुने पालिका संस्था तथा कर्मचारीज्यूहरु सहयोगि संघसस्थाहरु संचार प्रतिनिधिज्यूहरु आदिवासी  जनजातिको क्षेत्रमा लब्ध प्रतिष्ठित व्यक्तिहरु तथा पुर्व पदाधिकारीहरु नेपाल आदिवासी  जनजाति महासंघका अध्यक्ष तथा पुर्व पदाधिकारीहरु नेपालआदिवासी  जनजाति संघ/संस्थाका अध्यक्षज्यूहरु आदिवासी  जनजाति अध्ययनका सम्पादक ज्यूहरु लेखक एवम् बिद्वानज्यूहरु पत्रकारज्यूहरु कर्मचारि तथा सुरक्षाकर्मिहरुको बृहत उपस्थिति रहेको ।

- मिति २०८१ माघ २२ गते आयोगको चालु आर्थिक बर्ष २०८१/८२ को अर्धवार्षिक समिक्षा गरी श्री अर्थ मन्त्रालय पठाइएको।
- मिति २०८१ माघ २७ गते काठमाण्डौ तराई द्रुत मार्ग परियोजना खोकना र बुङ्गमति क्षेत्र ललितपुर जग्गा बिवाद सम्बन्धी छलफल कार्यक्रम आयोगका मा. अध्यक्ष रामबहादुर थापामगर लगायत मा. सदस्यहरु सचिव, कर्मचारी तथा सरोकार पक्षधर समेतको उपस्थितिमा छलफल भई समाधानको उपाय खोज्ने र बिवादलाई समाधान गर्ने सहमति भएको।
- मिति २०८१ फागुण ०१ मा ताप्लेजुङ स्थित मुकुम्लुङ/पाथिभरा केवलकार परियोजना बिवाद सम्बन्धी बिषयमा आयोगको आयोजनामा सरोकारवालाहरु सहितको बृहत भेला गराइ समाधानको उपयुक्त निकासका लागि पहलकदमी गरिएको।
- मिति २०८१ फागुण ४ देखि ०८ गते सम्म लुम्बिनी प्रदेश गुल्मी जिल्ला सत्यावती गा.पा.मा स्थानिय पठयक्रम मस्यौदा माथि छलफल तथा सुझाव बिषयक कार्यक्रममा सहभागि भई स्थानिय पाठयक्रममा आदिवासी जनजाति समुदायको भाषा संस्कृतिलाई बिशेश रुपमा समावेश गराउन सल्लाह सुझाव प्रदान गरिएको।
- मिति २०८१ फागुण ११ गते आदिवासी  जनजाति आयोगको निमन्त्रणामा जनवादी गणतन्त्र चीनका जातिय मामिला आयोगका माननीय मन्त्री प्यान युको नेपाल भ्रमण। आयोगको तर्फबाट भ्रमणको समन्वय तथा सहजिकरण आयोगका मा. अध्यक्ष मा. सदस्य आयोगका सचिव तथा कर्मचारीहरुबाट सभ्य तथा भव्यताका साथ गरिएको। फागुन १४ गते आदिवासी  जनजाति आयोग र चीनका जातिय मामिला आयोग बीच भएको समझदारी पत्रमा आयोगको तर्फबाट मा. अध्यक्ष रामबहादुर थापा मगर र चीनका जातिय मामिला आयोगको तर्फबाट मा.मन्त्री प्यान युबाट हस्ताक्षर भएको थियो।
- मिति २०८१ फागुण २३ आदिवासी  जनजाति आयोगले नेपालको संविधानको धारा २९४ को उपधारा ३ बमोजिम बार्षिक प्रतिवेदन प्रदेश प्रमुख मा. नजिर मियाँ सुदुरपश्चिम प्रदेश समक्ष आयोगका मा. सदस्य सुर्यबहादुर गुरुङले प्रदेश प्रमुखको कार्यालय धनगढीको सभाहलमा एक समारोह बिच बुझाउनु भएको। सोही दिन आदिवासी  जनजातिका स्थानीय नेताहरुसंग अमूर्त सांस्कृतिक सम्पदा र सूचिकरण सम्बन्धमा अन्तरक्रिया कार्यक्रम संचालन ।
- मिति २०८१ फागुण २५ गते कर्णाली प्रदेशस्थित चन्दननाथ नगरपालिका जुम्लामा नगरप्रमुखको कार्यकक्षमा आदिवासी  जनजाति समुदाय लक्षित बिशेष निति तथा कार्यक्रम र अमूर्त सांस्कृतिक सम्पदाहरुको संरक्षणमा स्थानीय तहको भूमिका बिषयक अन्तरक्रियात्मक कार्यक्रम संचालन।



आदिवासी जनजाति आयोग

- मिति २०८१ चैत्र ०५ गते काठमाण्डौ महानगर, ललितपुर उप-महानगर, भक्तपुर र किर्तिपुर नगरपालिका, संस्कृति विदहरु तथा अन्य आयोगहरु समेतको सहभागितामा अमुर्त सांस्कृतिक सम्पदाको संरक्षणमा स्थानीय तहको भूमिका तथा सूचिकरण र व्यवस्थापन विषयक अन्तरक्रियात्मक कार्यक्रम संचालन ।
- मिति २०८१ चैत्र ११ आदिवासी जनजाति आयोगले नेपालको संविधानको धारा २९४ को उपधारा ३ बमोजिम बार्षिक प्रतिवेदन प्रदेश प्रमुख मा. परशुराम खापुङ कोशी प्रदेश समक्ष आयोगका मा. अध्यक्ष रामबहादुर राना मगरले आ.व.२०८१/०८२को प्रतिवेदनमाथि प्रकास पार्दै प्रतिवेदन बुझाउनु भएको ।
- मिति २०८१ चैत्र १४ गते म्याग्दी जिल्लाको अन्नपुर्ण गाउँपालिका र चैत्र १५ बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा अमूर्त सांस्कृतिक सम्पदाहरुको संरक्षणमा स्थानीय तहको भूमिका विषयक अन्तरक्रियात्मक कार्यक्रम संचालन ।
- मिति २०८१ चैत्र १७ आदिवासी जनजाति आयोगले नेपालको संविधानको धारा २९४ को उपधारा ३ बमोजिम बार्षिक प्रतिवेदन प्रदेश प्रमुख मा. दिल्लीराज भट्टराई गण्डकी प्रदेश समक्ष आयोगका मा. सदस्य रीना राना र मा. सदस्य सुर्यबहादुर गुरुङले प्रदेश प्रमुखको कार्यालय गण्डकी पोखरा बुझाउनु भएको।
- मिति २०८१ चैत्र २० गते कर्णाली प्रदेश वीरेन्द्रनगर नगरपालिकाको सभाहलमा परंपरागत ज्ञान सीप संरक्षण सम्बर्दन पुस्तान्तरणमा आदिवासी जनजाति महिलाहरुको भूमिका विषयक अन्तरकृया कार्यक्रम संचालन।
- मिति २०८१ चैत्र २१गते आदिवासी जनजाति आयोगबाट राष्ट्रिय योजना आयोगमा आयोगको आगामी ३ बर्षका लागी प्रस्तावित मध्यकालिन खर्च संरचना तथा आ.व.२०८२/८३ का लागि बजेट तर्जुमा सम्बन्धमा नीतिगत तथा कार्यक्रमगत छलफल कार्यक्रम सम्पन्न।
- मिति २०८१ चैत्र २५ आदिवासी जनजाति आयोगले नेपालको संविधानको धारा २९४ को उपधारा ३ बमोजिम बार्षिक प्रतिवेदन प्रदेश प्रमुख मा. दीपक प्रसाद देवकोटा बागमती प्रदेश समक्ष आयोगका मा. सदस्य रीना राना र मा. सदस्य सुर्यबहादुर गुरुङले प्रदेश प्रमुखको कार्यालय हेटौंडामा एक समारोह बीच बुझाउनु भएको।उक्त दिन हेटौंडाका उपमहानगरपालिकाको सभा कक्षमा परंपरागत ज्ञान सीप संरक्षण सम्बर्दन पुस्तान्तरणमा आदिवासी जनजाति महिलाहरुको भूमिका बिषयक अन्तरकृया कार्यक्रम संचालन।
- मिति २०८१ चैत्र २८ गते नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट आदिवासी जनजाति आयोगसंग भएको संझौता अनुसार आदिवासी जनजातिहरु सरकारी सेवामा पहुँच तथा प्रतिनिधित्व सम्बन्धी अध्ययन प्रतिवेदन पेश ।
- मिति २०८१ चैत्र २९ आदिवासी जनजातिको अधिकारको रुपमा रहेको स्वतन्त्र अग्रिम जानकारी सहितको मन्जुरी (FPIC) कार्यविधि मस्यौदा समिति मा.सदस्य सुर्यबहादुर गुरुङको संयोजकत्वमा गठन गरी नेपालका आदिवासी हरुको मानव अधिकार सम्बन्धी वकिल समुह लाहुर्निप संग मस्यौदा तयार गर्न सम्झौता गरिएको।
- मिति २०८१ चैत्र २९ आदिवासी जनजाति आयोगले नेपालको संविधानको धारा २९४ को उपधारा ३ बमोजिम बार्षिक प्रतिवेदन प्रदेश प्रमुख मा. कृष्णबहादुर घर्तिमगर लुम्बिनी प्रदेश समक्ष आयोगका मा. सदस्य डा. मीनबहादुर श्रीसले प्रदेश प्रमुखको कार्यालय बुटवलमा बुझाउनु भएको।



आदिवासी जनजाति आयोग

**१०. प्रमुखको नाम, पद र सूचना अधिकारी**

- सचिव श्री नुरहरि खतिवडा मो. नं. ९८५११४१०३९
- प्रवक्ता उपसचिव श्री विजय राना मो.नं. ९८४१६६९०७६
- सूचना अधिकारी शाखा अधिकृत श्री दया कृष्ण ढकाल मो.नं. ९८४२६२६८१५

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:**

यस आयोगको कामसंग सम्बन्धित ऐन नियम, विनियम वा निर्देशिकाको सूची निम्न अनुसार रहेको छ:

- नेपालको संविधान,
- आदिवासी जनजाति आयोग ऐन, २०७४,
- निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०,
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि नियमावली, २०७७,
- सूचनाको हक सम्वन्धी ऐन, २०६४ तथा नियमावली, २०६५,
- संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धी ऐन, २०५३,
- सुशासन तथा (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा नियमावली, २०६५,
- भ्रमण खर्च नियमावली, २०६४,
- आदिवासी जनजाति आयोगका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता, २०७९

**१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण:**

यस आयोगको आ.व. २०८१।८२ को लागि स्वीकृत बजेट र २०८१ पौष मसान्तसम्मको निकासा र खर्च निम्नानुसार रहेको छ:

| सि. नं. | बजेट शीर्षक नं. | स्वीकृत वार्षिक बजेट रकम रु. | निकासा भएको रकम रु. | खर्च भएको रकम रु. | बाँकी रहेको रकम रु. |
|---|---|---|---|---|---|
| १ | ३२८०००११३ चालु | २,९४,३१,०००।- | १,८०,१२,२३९।६८ | १,८०,१२,२३९।६८ | १,२४,१८,७६०,३२।- |
| २ | ३२८०००११४ पूजीगत | १०,००,०००।- | ४,७१,५४९।- | ४,७१,५४९।- | ५,२८,४५१।- |
| ३ | ३२८०००१३ चालु | ८०,६५,०००।- | ६०,०८,६०४।७० | ६०,०८,६०४।७० | २०,५६,३९५,३०।- |
| | जम्मा | ३,८४,९६,०००।- | २४,४९२,३९३।३८ | २४,४९२,३९३।३८ | १,५०,०३,६०६।६२ |

**१३. तोकिए बमोजिमको अन्य विवरण:**

आयोगले पञ्चवर्षिय रणनीतिक योजना अनुसार बजेट तथा कार्यक्रम बनाई कार्यान्वयन गर्दै आएको छ। आयोगमा परेका उजुरीहरु समाधानका लागि आवश्यकता अनुसार अध्ययन कार्यदल गठन गरी प्राप्त सुझावका आधारमा नेपाल सरकारलाई सिफारिस गर्ने गर्छ।

**१४.अघिल्लो आर्थिक वर्षमा सार्वजानिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को बिवरण:**
आदिवासी जनजातिमा राई जातिको उद्‌म स्थल/थातथलो पहिचान सम्बन्धी अध्ययन, आदिवासी जनजातिमा तामाङ जातिको उद्‌म स्थल/थातथलो पहिचान सम्बन्धी अध्ययन, आदिवासी जनजातिमा सन्थाल जातिको उद्‌म स्थल/थातथलो पहिचान सम्बन्धी अध्ययन, निजामती सेवामा आदिवासी जनजातिको आरक्षणको अवस्थाको अध्ययन र विश्लेषण सम्बन्धी अध्ययन, सूचीकृत आदिवासी जनजाति समुदायको थर एवं आदिवासी जनजाति ज्ञान सम्मेलन लगायतका अन्तरक्रिया र अनुगमनका कार्यक्रम सम्पन्न।

**१५. सार्वजनिक निकायको वेभसाइट भए सोको बिवरण:**
यस आयोगको वेभसाइट www.inc.gov.np रहेको छ।

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

नभएको

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन:**
आदिवासी जनजातिको समग्र स्थिति, आदिवासी जनजाति समुदायको वर्गीकरण, जनजातिका सांस्कृतिक सम्पदा सम्बन्धी अध्ययन गरी प्रतिवेदन प्राप्त भएको।

**१८. सार्वजनिक निकायले बर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:**
आयोगले वर्गिकरण गरेको छैन।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएका विषय:**
आदिवासी जनजाति मध्ये नेवारभित्र पर्ने जुगि जातिको आवासिय अधिकारका विषयमा माग दावी सहितको रुक्सना कपालीज्यूले तयार गरी श्वेतपत्र पठाउनु भएको र वहाँले सो सम्बन्धमा आयोगबाट भएका कार्यहरुका बारेमा सूचना माग गर्नु भएकोमा आयोगको क्षेत्राधिकार भित्र नपर्ने भनि लिखित रुपमा जवाफ/सूचना दिइएको।

**२०. सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण:** सरोकारवालालाई जानकारी दिन आवश्यक सूचनाहरु आयोगको वेभसाइट www.inc.gov.np मा राख्ने गरिएको छ ।

(सूचना अधिकारी)

आदिवासी जनजाति आयोग